गाउँसभामा २०७९ साल आषाढ १० गते

गाउँपालिका अध्यक्ष श्री भब बहादुर भण्डारी ज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/०८० को

# नीति तथा कार्यक्रम

रघुगंगा गाउँपालिका

मौवाफाँट, म्याग्दी

**रघुगंगा गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु, पत्रकारहरू एवम् उपस्थित सम्पूर्ण महानुभावहरू !**

१. स्थानीय सरकार प्रमुखको रूपमा रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभूति गरेको छु । स्थानीय तहको दोस्रो निर्वाचन सफलता पूर्वक सम्पन्न गर्ने नेपाल सरकार, निर्वाचन आयोग सबै राष्ट्रसेवकहरु, प्रक्रियामा संलग्न सबै राजनीतिक दलहरु र आम नागरिक प्रति धन्यवाद व्यक्त गर्दछु।

२. स्थानीय तहको प्रथम कार्यकाल सफलता पूर्वक सम्पन्न गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकासमा पुऱ्याउनु भएको योगदानका लागि गाउँपालिकाका पूर्व जनप्रतिनिधि ज्यूहरुलाई उच्च कदर गर्दछु।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्दछु ।२ बर्षदेखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड–१९) को कारणले ज्यान गुमाएका सम्पूर्ण व्यक्तिहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु ।

४. तिन तहको सरकार बिचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ति सहितको नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै र कोभिड-१९ महामारीको भेरिएन्ट सहितको सङ्क्रमणले समग्र अर्थतन्त्र र कार्यप्रणालीलाई शिथिलताको चपेटामा पारेको जोखिमपूर्ण र चुनौतिपूर्ण अवस्थाबाट केही सामान्य अवस्था तर्फ आउँदा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग आबद्ध गर्दै आर्थिक समुन्नतिको आधार तयार पार्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

**गाउँसभाका सदस्यहरू,**

५. विकासमा निश्चित उद्देश्य हासिल गर्न अपनाइने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनाबद्ध विकासको सुरुवात गर्न हाम्रो प्रथम पञ्चवर्षीय योजना २०७६/०७७ देखि २०८०/०८१ तर्जुमा भई कार्यान्वयनमा रहेको छ ।सोही पञ्चबर्षीय योजनाले मार्गनिर्दिष्ट गरेका विषयहरुलाई प्राथमिकतामा राखेको छु ।

६. कोभिड महामारीको रोकथामका लागि लक्षित जनसंख्याको ८८% (८९०२ जना) लाई पहिलो मात्रा ७८.४१% ( ७९३०जना) लाई पूर्ण मात्रा र ६६.२%( ६६९९जना) लाई अतिरिक्त मात्रा समेत खोप लगाइएको छ। कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारका लागि कोभिड १९ अस्थायी अस्पतालको सञ्चालन गरिएको थियो, आगामी दिनमा पनि महामारी नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि विशेष ध्यान दिइनेछ।

७. उच्च कार्यसम्पादन एवम् लगनशिलताका साथ चुस्त सेवा प्रवाह मार्फत स्थानीय सरकारका प्राथमिकता र कार्यक्रमहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिका उल्लेखनीय रहेको छ ।

८. गाउँपालिकाको रणनीतिक सडकको रूपमा रहेको गलेश्वर-मौवाफाँट-दग्नाम-दर्मिजा-चिमखोला-कुइनेमंगले सडकलाई निजी क्षेत्रसँगको सहकार्यमा सदरमुकामसँग छोटो र सिधा मार्गबाट जोडिएको छ भने स्तरोन्नतिका लागि सार्वजनिक निजी साझेदारीमा काम भइरहेको छ।दग्नाम-चिमखोला सडकका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा उक्त कार्य भइरहेको छ। भगवती मैदान-वडा कार्यालय-बेगखोला-बाँदुक-तिप्ल्याङ्ग सडक, मैदान-थापाटोल-रुइसे सडक, पाखापानी-रायखोर-घ्याँसीखर्क सडक, झिँ-टोड्के सडक, झिँ -पाखापानी सडक निर्माण गर्नका लागि सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ ।

९. गाउँपालिकाभित्र सञ्चालित जलविद्युत आयोजनाहरूको समन्वयमा वडा नं ५ र ६ लाई गाउँपालिका केन्द्रसम्म जोड्नका लागि तथा चिमखोलाका दुई बस्तीलाई जोड्नका लागि पक्की पुल निर्माण गरिएको छ।

१०. गाउँपालिकाको वडा नं. ७ चिमखोलालाई महिला मैत्री र लैङ्गिक मैत्री संरचना सहितको गण्डकी प्रदेशकै नमुना गाउँमा रूपान्तरण गर्न सो क्षेत्रका बालबालिका, महिला, गरिब, सुकुम्बासी, दलित, जनजाती तथा ज्येष्ठ नागरिकहरूको सशक्तीकरणको लागि बहुआयामिक नमुना ग्रामको विस्तृत परियोजना प्रतिवेदन तयार गरि बहुआयामिक नमुना ग्रामको रूपमा घोषणा गर्नका लागि नेपाल सरकार समक्ष पेश गरिएको छ । सो अनुसार विभिन्न सीपमूलक तालिमहरु सञ्चालन भइरहेका छन्।

११. विश्व मानचित्रमा पर्यटकीय क्षेत्रका रूपमा सुपरिचित नेपाल र म्याग्दी जिल्लाभित्र रहेको यस गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि धार्मिक, पर्यटकीय, भाषिक, साँस्कृतिक महत्वका क्षेत्रहरूको संरक्षण, विकास तथा विस्तारका लागि विशेष पहल गरिएको छ । गाउँपालिकामा ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक,पर्यटकीय, आर्थिक, प्राकृतिक रुपले महत्वपूर्ण क्षेत्र, स्थान वा कलालाई संरक्षण गर्ने नीति अनुरुप चिमखोलालाई सांस्कृतिक र रुईसे तथा टोड्केलाई पर्यटकीय क्षेत्रको रुपमा घोषणा गरिएको छ ।

१२. आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्नका लागि गलेश्वर-रुइसेडाँडा-धौलागिरी-आइसफल-रिखार-मालिका-टोड्के पर्यटन पदमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरि बजेट माग गरिएको छ। टोड्केमा उच्च उचाई खेलमैदान निर्माणको सुरुवात गरिएको छ, पदमार्ग र पार्क निर्माण गरिएको छ।

१३. आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगको लागि यस गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारसँग साझेदारी एवम् संयुक्त व्यवस्थापनमा बृहत् पूर्वाधार निर्माण लगायतका कार्य गर्दै आएको छ ।

१४. गाउँपालिकाभित्र औद्योगिक ग्राम निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेश गरिएकामा प्रदेश सरकारबाट औद्योगिक ग्राम स्थापनाका लागि सङ्घीय सरकार समक्ष सिफारिस भएको छ।

१५. रघुगंगा गाउँपालिकाका समग्र जनताहरूलाई स्थानीय सरकारको जनतामैत्री सेवालाई सरल तथा सहज तरिकाले जनतासमक्ष पुऱ्याउनका लागि स्थानीय समुदायले निशुल्क उपलब्ध गराई गाउँपालिकाको खर्चमा सम्याउने, उकास्ने लगायतका कार्य गरी व्यवस्थापन गरेको जग्गामा कार्यालय भवन सञ्चालन गरिएको छ।

१६. गाउँपालिकाले प्रदान गरेको **जनताकै पेवाः जनतामैत्री सेवा**लाई बिस्तार गर्ने क्रममा विभिन्न शीर्षकमा लगाइएको करबाट जम्मा भएको राजश्वको चुहावट रोक्न, राजश्व प्रणालीलाई व्यवस्थित तथा प्रविधिमैत्री बनाउनका लागि राजश्व सफ्टवेयर जडान गरिएको छ ।त्यस्तै योजना प्रणालीलाई व्यवस्थित बनाउन योजना व्यवस्थापन सफ्टवेयर जडान गरिएको छ।

१७. जनताको नजिकमा रहेर सेवा प्रवाह गर्दै शासन व्यवस्थालाई जनता समक्ष समन्यायिक तरिकाले पुऱ्याउने माध्यमका रुपमा रहेको स्थानीय सरकार कार्यपालिकीय, विधायिकी र न्यायिक तिनै अधिकार प्रयोग गर्न सक्षम हुँदै आइरहेको छ । स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि हामीले ५७ वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएका छौं ।

१८. वैकल्पिक चिकित्सा र आयूर्वेदप्रति जागरण ल्याउन आयुर्वेद प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको छ ।

१९. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, कडा तथा असाध्य रोग लागेका, दीर्घरोगीहरू, विभिन्न प्रकृतिका विपद्हरुबाट पीडित व्यक्तिहरूलाई  विशेष सम्बोधन गरिएको छ ।

२०. गाउँपालिका अध्यक्ष सुकुम्बासी व्यवस्थापन तथा आवास सुधार कार्यक्रम सञ्चालन गर्न सो सम्बन्धी छुट्टै कार्यविधि निर्माण गरी गाउँपालिकाभित्र रहेका सुकुम्बासी, घरवारविहिन, कच्ची टिन र खरले छाएका घर तथा शौचालय विहिन घर परिवारलाई सहायता प्रदान गरिएको छ । साथै सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १३७ वटा घरलाई सुरक्षित आवासको रुपमा विकास गरिएको छ ।

२१. खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने पकेट विकास कार्यक्रम तथा अनुदानमा आधारित विविध कृषिजन्य सामग्री बिउ/बिजन वितरण गरी कृषिमा आधुनिकीकरण गर्न प्रयत्न गरिएको छ । मिनिटेलर थ्रेसर, च्याफ कटर, कुटानी पिसानी मिल, टनेल, स्प्रेयर जस्ता यन्त्र तथा सामग्रीहरु वितरण गरी कृषिलाई

आधुनिकीकरण र व्यावसायीकरण गरिएको छ । साथै रोजगारी सिर्जनाको लागि सिपमूलक तालिम प्रदान गरिएको छ ।

२२. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालय र स्वास्थ्य चौकीहरूमा इन्टरनेट विस्तार गरिएको छ । आगामी आ.व. मा सबै विद्यालय तथा टोलस्तरमा समेत इन्टरनेट विस्तार गर्ने कार्यक्रम रहेको छ।

२३. घरघरमा स्नातक, टोलटोलमा प्राविधिक, वडावडामा स्वास्थ्यकेन्द्र, बस्तीबस्तीमा ज्येष्ठ नागरिक क्लव, नदी किनार र पर्ती जमिनमा सार्वजनिक उद्यान निर्माण गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

२४. मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै **समृद्ध रघुगंगा सुखी रघुगंगाबासी** मूल नारा सहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्नका लागि नीति तथा कार्यक्रम केन्द्रित छन् ।

२५. मानवपूँजी निर्माण र रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, दिगो विकास र पर्यावरणीय सन्तुलन, सेवा प्रवाह सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिनेछ । अब म गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

## आर्थिक क्षेत्र

२६. प्राकृतिक स्रोत र साधनः जल, जमिन, जङ्गल, जडिबुटी र चरिचरण को व्यवस्थापन, स्थानीय समुदायको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नका लागि उत्पादनका साधनमाथि उत्पादकको पहुँच र स्वामित्व स्थापित गरिने छ ।

२७. आन्तरिक स्रोत बढाउन विज्ञहरु सहितको कार्यदल गठन गरी स्रोत सम्भाव्यता अध्ययन, स्रोत नक्साङ्कन तथा राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

२८. गाउँपालिका क्षेत्रभित्रका करका दायरा फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । कर सचेतना अभियान मार्फत कर तिर्नु नागरिकको दायित्व हो भन्ने भावना सिर्जना गराई नागरिककै अग्रसरतामा राजश्व संकलन गरिनेछ।

२९. नेपालको संविधानको साझा अधिकार सूचीमा रहेका कर तथा गैर कर राजश्व संघ तथा प्रदेशले तोके बमोजिम संकलन गरी बाँडफाँड गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ।

## कृषि

३०. कृषिलाई स्थानीय आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकका रूपमा विकास गरिनेछ ।कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थाबाट आधुनिकीकरण, विशिष्टीकरण, यान्त्रिकीकरण, औद्योगिकीकरण र व्यावसायीकरण गर्दै रुपान्तरण गर्ने लक्ष्य लिइनेछ।

३१. स्थानीय परिवेश अनुसार पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउका लागि सहकारी, सामुहिक तथा सार्वजनिक मोडेलको कृषि फर्मको स्थापना गरिने छ । कृषि बिउबिजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, रासायनिक मल व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि समूह तथा सहकारी प्रणालीलाई प्रोत्साहन गरिने छ।

३२. गाउँपालिकामा रहेका वास्तविक किसानहरुको पहिचान र वर्गीकरणका लागि किसान सूचीकरण कार्य सम्पन्न गरी त्यसका आधारमा मात्र सेवा सुविधा उपलब्ध गराइनेछ । साथै वित्तीय संघ संस्थाहरू मार्फत सहुलियतपूर्ण ऋण प्रदान गर्न पहल गरिनेछ। सुचीकृत साना तथा सीमान्तकृत किसानलाई समेत अनुदान र राहतमा समावेश गरिनेछ।

३३. कृषि उपज वृद्धिका लागि जग्गा चक्लावन्दी, मल तथा बिउबिजनमा अनुदान, कृषि यान्त्रिकीकरण, माटो परीक्षण, किटनाशक तथा ढुसीनाशक औषधिको व्यवस्था, बाँझो जमिनमा खेती गर्ने कृषकलाई प्रोत्साहन, साना सिँचाईको प्रबन्ध, गाउँपालिकाका हरेक वडामा एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था, कृषकका खेतबारी र गोठमा किसान पाठशाला सञ्चालन गरिनेछ ।

३४. गुणस्तरीय खाद्यान्नमा सहज पँहुच र उपलब्धताको प्रत्याभूतिका लागि गाउँपालिकाभित्र उत्पादन हुने सम्पूर्ण स्थानीय वस्तुहरुको तथ्याङ्क सङ्कलन गरिने छ । साथै बजारको पँहुच नपुगी उपयोगमा नआउने वस्तुहरु नाफा सहितको प्रतिफल सुनिश्चित हुने गरी बिक्री गर्ने आवश्यक प्रबन्ध गरिनेछ । सम्भव भएका स्थानीय उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गरी बिचौलियाको शोषणलाई न्यूनीकरण गर्ने तथा सार्वजनिक खरिदबिक्रीको प्रबन्ध गरिनेछ ।

३५. जलवायु परिवर्तनको असरलाई धान्न सक्ने वातावरण अनुकुलनमैत्री स्थानीय बीउबिजनको अनुसन्धान र विकासमा जोड दिईनेछ ।

३६. गाउँपालिकामा उत्पादन हुने सबै अन्न बाली तथा फलफुलहरूको सुरक्षित भण्डारण गरी बेमौसममा प्रयोग गर्न सकिने वातावरण निर्माण गर्न आवश्यक स्थानमा शीतगृह निर्माण गर्दै लगिनेछ।

३७. पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरी कृषि सडक तथा स्थानीय स्तरमा सिँचाइ प्रणालीको निर्माण गरिनेछ ।

३८. संघ सरकारसँगको समन्वयमा राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र) विकास कार्यक्रम संचालन गरिने छ ।चालु आ.व. मा स्थापित धान, आलु, केरा पकेटहरूलाई सम्बन्धित समूहलाई पूर्ण रुपमा हस्तान्तरण गरी समूहबाट नै निरन्तरता दिने व्यवस्था गरिनेछ । साथै सुन्तलाको पकेट क्षेत्रलाई निरन्तरता दिने र आलुको नयाँ पकेट क्षेत्र निर्माण गरिनेछ । खायन आलु कार्यक्रम सञ्चालन गरिनेछ। यी अन्न बाली तथा फलफुलमा गाउँपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

३९. जडीबुटीको प्रचुरता रहेका वडा नं ७, ८ लगायतका स्थानहरुमा संरक्षण तथा उपयोगको व्यवस्था गरिनेछ। जडीबुटीको व्यावसायिक खेतीका लागि सम्भाब्यता अध्ययन तथा नक्साङ्कन गरिनेछ।

**पशुपालन**

४०. पशुपालन प्रति आकर्षण वृद्धि गर्न तथा पशुपालन पेशा अँगालेका कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिस्पर्धामा आधारित कार्यक्रमहरु मार्फत सहयोग गरिनेछ।

४१. उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मनिर्भर बनाउन भैंसी तथा बाख्राको नश्ल सुधार कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।उन्नत नश्लका पशु उत्पादन गर्न विउ सेक्ससिमेन, उच्च प्रजनन् मानको भाले पशु व्यवस्थापनमा सहयोग गरिनेछ।

४२. पशुपंछीहरूको तथ्याङ्क सङ्कलन गर्ने र रोगहरूबाट बचाउनका लागि पशुपंछी खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४३. गाउँपालिकाभित्र अकस्मात विरामी हुने पशु पशुपंछिहरुको उपचारको लागि आवश्यक औषधि र पशु प्राविधिकहरुको प्रबन्ध गरिने छ ।

**पर्यटन**

४४. वेगखोलाको लामो झोलुङ्गे पुल, भगवतीको रुईसे, पिप्लेको गलेश्वर गायत्री मन्दिर र रानीपौवा क्षेत्र, दग्नामको तातोपानी कुण्ड, झिँको टोड्के, पाखापानीको मालिका मन्दिर, चिमखोलाको मण्डलीथान तथा कुईनेमंगलेको रिखार मन्दिर लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरी रघुगंगा गाउँपालिकाको पहिचान तथा अर्थतन्त्रको आधारशिलाको रुपमा विकास गरिनेछ। यसको लागि पर्यटन गुरूयोजना अनुसार पर्यटनमैत्री संरचना निर्माण तथा पर्यटन पूर्वाधार निर्माणलाई अगाडि बढाइनेछ ।

४५. बेगखोलाको तिप्ल्याङ्गमा पुन भि सी स्मृति सङ्ग्रहालय बनाउनका लागि पहल गरिनेछ।

४६. पर्यटकीय गन्तव्य, पदमार्ग, साइकल मार्ग, होमस्टे, लगायतका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका कार्यक्रमलाई जोड दिइनेछ ।टोड्केलाई धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने गरी पहुँच मार्ग विस्तारको कार्य अगाडि बढाइनेछ ।

४७. गाउँपालिकाभित्र संचालनमा रहेका होमस्टेहरुको प्रभावकारी नियमन गर्दै होमस्टेलाई आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न महत्वपूर्ण आधारका रुपमा विकास गर्न विशेष प्रबन्ध गरिनेछ ।

**उद्योग, ब्यापार र वाणिज्य**

४८. स्वदेशी उत्पादनलाई प्रवर्द्धन र उपयोग गर्ने नीति लिईनेछ ।

४९. महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवम् स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको अभियानलाई निरन्तरता दिइने छ ।

५०.उद्यमशीलता प्रवर्द्धनका लागि गाउँपालिकामा नविनतम तरिका र प्रविधिबाट उद्योग व्यवसाय संचालन गर्ने उत्कृष्ट उद्यमीहरुलाई गाउँपालिका अध्यक्ष नवप्रवर्तन पुरस्कार र गाउँपालिका भित्रका महिला उद्यमी मध्ये उत्कृष्ट उद्यमीहरुलाई गाउँपालिका उपाध्यक्ष सफल महिला उद्यमी पुरस्कारद्वारा सम्मान गरिने छ।

५१.गाउँपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईँदै आएकोमा यसलाई थप व्यवस्थित गर्न साना तथा ठूला व्यवसायलाई अनिवार्य रुपमा दर्ता एवम् नवीकरण हुनुपर्ने व्यवस्था गरिनेछ ।

५२.गाउँपालिकाले हाल लिदै आएको कर, राजस्व, शुल्क आदिलाई थप व्यवस्थित र वैज्ञानिक बनाईने छ । ***"हाम्रो गाउँपालिका हाम्रो कर, समृद्ध बनाउने हाम्रै रहर"*** भन्ने नारालाई साकार पार्न असल करदातालाई सम्मान र तोकिएको समयमै कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्था मिलाइने छ।

५३.गाउँपालिकाभित्र निजी क्षेत्रबाट सञ्चालित आयोजनाहरूको समस्या समाधानका लागि आवश्यक सहजीकरण गरिने छ ।

५४.उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ लगायत निजी क्षेत्रको व्यापार व्यवसायको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहँदै आएका संघ संस्थाहरु संग सहकार्य गरी उद्यमशीलताको विकास र व्यापार, व्यवसायको प्रवर्द्धन गरिनेछ ।

५५.गैरसरकारी संघ संस्थामा आबद्ध रही गाउँपालिका क्षेत्रभित्र कार्यरत रहेका विदेशी नागरिकको यथार्थ विवरण गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा अध्यावधिक गरी जानकारी गराउनुपर्ने नीति लिईनेछ ।

**सहकारी**

५६.दिगो स्थानीय विकासमा संघ, प्रदेश तथा स्थानीय तह र सहकारी बिचको समन्वय र सहकार्यलाई जोड दिइनेछ। गाउँपालिकामा सञ्चालित सहकारीहरूको सहभागितामा गठन भएको सहकारी सञ्जाललाई व्यवस्थित बनाई सहकारीका कार्यक्रम सञ्चालन गर्ने कार्यमा परिचालन गरिनेछ ।

५७.सहकारीको वित्तीय सेवा तथा प्रविधिको प्रयोगमा वृद्धि एवं विकास गर्न नेपाल सरकारबाट विकास भएको कोपोमिस (COPOMIS) मा सम्पूर्ण सहकारीहरूलाई सामेल गराउन आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

५८.**अबका सहकारीः उत्पादनमा साझेदारी** भन्ने नाराका साथ सबै सहकारीहरूलाई उद्यममा आबद्ध गराइने नीति लिइनेछ ।

५९.गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र संचालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउँदै स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गरी सहकारी संस्थाको प्रवर्द्धन, परिचालन र विकास गरिने छ ।सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान गरी दैनिक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन र बिक्री वितरण

गर्ने सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरुमा सुपथ मूल्यमा सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

६०. एक व्यक्ति एक विषयगत विधाको एक भन्दा बढी सहकारीमा सदस्य हुन नपाइने नीति अवलम्बन गरिनेछ ।

६१. वित्तीय समावेशिता तथा वित्तीय साक्षरता वृद्धि गर्न साथै सहकारी शिक्षा विस्तार गर्न सघन रुपमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

६२. गाउँपालिकाको सहकारी शाखालाई सक्षम जनशक्ति सहितको आवश्यक श्रोत साधन सम्पन्न बनाइनेछ।

**श्रम तथा रोजगारी**

६३. श्रम बजारको माग अनुसारको विशिष्टीकृत सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिईनेछ । सीप विकास तालिमलाई रोजगारी र उद्यमशिलतासँग आबद्ध गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई सीप अनुसारको व्यवसाय सञ्चालन र रोजगार सिर्जना गरी समाजमा पुन एकीकरण गर्ने नीति लिईनेछ । युवाहरुलाई स्वरोजगार बनाउनका लागि सीपमूलक तालिमहरू प्रदान गरी सीपको प्रमाण–पत्र प्रदान गरिनेछ । जसका लागि **समृद्धि अभियानमा गाउँपालिका अध्यक्ष** कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. श्रम बजारलाई मर्यादित र न्यायपूर्ण बनाउन निर्माण तथा औपचारिक, अनौपचारिक र स्वरोजगार श्रम क्षेत्रमा काम गर्ने श्रमिकहरुको अवस्था, संख्या, सेवासुविधा आदिको व्यवस्थित विवरण संकलन गरी अभिलेखीकरण तथा समस्याहरु छलफल एवं समाधानको प्रयत्नका लागि श्रम डेस्क स्थापना गरिनेछ ।

६५. गाउँपालिकामा सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा स्थानीय स्रोत र साधनको आदर्शतम् परिचालन गरिने छ साथै स्थानीय सीप र श्रमको प्रयोग मार्फत् रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

६६. विभिन्न महामारी तथा विपद्बाट रोजगारी गुमाई असहज अवस्थामा पुगेका असङ्गठित क्षेत्रका मजदुरहरु एवम् असहायहरुलाई भोको रही ज्यान गुमाउन नपरोस भन्ने हेतुले राहत वितरण गर्ने कार्यलाई आवश्यकता अनुसार अगाडि बढाइने छ ।

६७. गाउँपालिकाभित्रका बेरोजगार युवाहरुको लगत सङ्कलन गरी प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना कार्यक्रममा आबद्ध गराई न्युनतम एक सय दिनको रोजगारी प्रत्याभुत गरिने छ ।रोजगारमूलक कार्यक्रमका माध्यमबाट गरिवी न्यूनीकरण गर्न ***एक घर एक रोजगार कार्यक्रम*** लाई यसै कार्यक्रममा आबद्ध गरिने छ ।

६८. यस गाउँपालिका बालश्रम मुक्त घोषणा भैसकेकाले बालश्रमलाई पूर्ण रूपमा निरूत्साहित गरिनेछ । गाउँपालिका, संघ, प्रदेश र निजी क्षेत्र समेतको समन्वय र सहकार्यमा बालश्रमिकको उद्धार, पुर्नस्थापना

र पुनर्मिलन कार्यक्रम सञ्चालन गरिनेछ। बालश्रम निवारण र उपाध्यक्षको न्यानो माया कार्यक्रम मार्फत यस विषयलाई सम्बोधन गरिनेछ।

**गरिबी निवारण**

६९. गरिब घर परिवार पहिचान गरी परिचय पत्र वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७०. गरिबी निवारणका लागि मागमा आधारित लघु उद्यम विकास कार्यक्रमलाई आठ वटै वडामा निरन्तरता दिइनेछ । नयाँ लघु उद्यमी सिर्जना र भइरहेका उद्यमीको स्तरोन्नतीका कार्यक्रमहरू सञ्चालन गरिनेछ । समृद्धि अभियानमा गाउँपालिका अध्यक्ष कार्यक्रमलाई लघुउद्यम विकास कार्यक्रम सँग पनि आबद्ध गरिनेछ ।

७१. लघु उद्यमीहरूको लागि आवश्यक सीप र उपकरण प्रदान गरी सोको प्रयोगबाट उद्यमशील बन्नका लागि व्यवस्थापन गरिनेछ ।

७२. **"समृद्धि र विकास निर्माणको आधार, महिलाको क्षमताको विकास"** नारालाई कार्यान्वयन गर्दै गाउँपालिका क्षेत्रभित्र महिला सशक्तीकरणका साथै उद्यमशिलताको विकास गर्न **उपाध्यक्षसँग महिला सशक्तीकरण कार्यक्रम** संचालन गरिनेछ ।

७३. सामुदायिक संस्थाहरु मार्फत सामाजिक परिचालन, क्षमता विकास, आयआर्जन, ग्रामीण सामुदायिक पूर्वाधार र सहकारी विकासका कार्यहरु अगाडि बढाइने छ । गरिबसँग विश्वेश्वर कार्यक्रमलाई यसै कार्यक्रमसंग आबद्ध गरिनेछ ।

## सामाजिक क्षेत्र

**शिक्षा, युवा तथा खेलकुद**

७४. **सबैका लागि शिक्षा** अभियान सञ्चालन गरी रघुगंगा गाउँपालिका भित्रका सबै बालबालिकाहरूलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको **निःशुल्क शिक्षा**मा पहुँच विस्तार गरिनेछ ।

७५. प्राविधिक धार सञ्चालन भएका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रयोगात्मक सिकाइमार्फत् उद्यमशीलता विकास गर्नका लागि एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

७६. रघुगंगा गाउँपालिकाका विद्यार्थीहरूको माध्यमिक तथा उच्च शिक्षामा पहुँच विस्तार गर्न **शैक्षिक छात्रवृत्ति कार्यक्रम** सञ्चालन गरिने छ । गाउँपालिकाभित्र स्थायी बसोबास भई माध्यमिक र स्नातक तहमा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई गाउँपालिकाको कार्यविधिका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । यसका साथै आवासीय तथा गैर आवासीय छात्रवृत्ति छात्रा तथा दलित विद्यार्थीहरूलाई वितरण गरिनेछ ।

७७. रघुगंगा गाउँपालिकाको स्थानीय पाठ्यक्रम, २०७८ का आधारमा आधारभूत तह कक्षा १-३ का स्थानीय पाठ्यपुस्तकहरू क्रमशः निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । यसबाट गाउँपालिका स्तरका कृषि, पशुपालन, पर्यटन, धर्म, संस्कृति, भाषा, जाति जस्ता क्षेत्रमा आवश्यक ज्ञान, सिप र धारणा प्रदान गरी विद्यार्थीहरूलाई सुसूचित गरिनेछ । गाउँपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो रघुगंगा" लाई अपाङ्गमैत्री बनाइनेछ ।

७८. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि माध्यमिक तहमा शून्य दरबन्दी भएका विद्यालयमा नियुक्त गरिएका शिक्षक र प्रारम्भिक बाल कक्षामा विद्यार्थी संख्या धेरै भएका विद्यालयमा नियुक्त गरिएका बालविकास सहजकर्तालाई निरन्तरता दिइनेछ । शिक्षकको न्यूनताले पठनपाठनमा असहज भएका विद्यालयमा शिक्षकको तलबभत्ता व्यवस्था गरिनेछ ।

७९. नेपाल सरकारले तोकेको मापदण्डका आधारमा बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिकको व्यवस्था गरी उनीहरूलाई पेशाप्रति जिम्मेवार बनाइनेछ । यसका साथै सामुदायिक विद्यालयका सबै प्रधानाध्यापक तथा माध्यमिक तहका लेखा हेर्ने कर्मचारीलाई कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिनेछ ।

८०. प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ६ सम्मका विद्यार्थीहरूको पठनपाठनलाई निरन्तरता दिनका लागि **दिवा खाजा**को व्यवस्था, सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूको महिनावारी चक्रलाई व्यवस्थापन गरी उनीहरूको सिकाइ कार्यमा नियमितता दिन आवश्यक **सेनिटरी प्याड**को व्यवस्था गरिनेछ । विद्यालय तहमा अध्ययनरत सबै बालबालिकालाई **निःशुल्क पाठ्यपुस्तक**को व्यवस्था गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । यसका साथै शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्रमार्फत् **साक्षरता शिक्षा तथा निरन्तर शिक्षा**का कार्यक्रम सञ्चालन गरिनेछ।

८१. **बालबालिकाको इच्छाः प्रविधिमैत्री शिक्षा** कार्यक्रम मार्फत् विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्न तथा प्रविधिमैत्री सिकाइ सहजीकरण गर्नका लागि विद्यालयमा ईन्टरनेट विस्तार गरिनेछ ।

८२. एक विद्यालयमा भएका असल तथा अनुकरणीय अभ्यासलाई अन्य विद्यालयमा हस्तान्तरण गरी शैक्षिक व्यवस्थापन तथा प्रशासनलाई सुदृढ बनाउन **नमुना विद्यालय विकास कार्यक्रम** कार्यान्वयन गरिनेछ ।

८३. **एक विद्यार्थी एक बिरूवा, एक विद्यालय एक बगैंचा** कार्यक्रम सञ्चालन गरी सबै सामुदायिक विद्यालयहरूलाई हरित विद्यालयको रूपमा विकास गरिनेछ ।

८४. बालमैत्री शासनको प्रारूप अनुसार विद्यालयमा हुने सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गरिनेछ । भौतिक पूर्वाधारका संरचनाहरू बालमैत्री र अपाङ्गमैत्री बनाइनेछ । साथै सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

८५. आधारभूत जिल्ला स्तरीय, प्रादेशिक र राष्ट्रिय स्तरका प्रशिक्षण एवं प्रतियोगितामा सहभागी गराई खेलाडीको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरिनेछ । विभिन्न स्थानमा खेलमैदान निर्माण, विस्तार तथा संरक्षण गरिनेछ । साथै प्रत्येक विद्यालयमा खेलकुद क्लब स्थापना गरिनेछ ।

८६. स्काउट गठन तथा सामाजिक क्षेत्रमा परिचालन गरिनेछ । स्काउट तालिमको व्यवस्था गरिनेछ ।

८७. गाउँपालिकाभित्र बिभिन्न विपद्जन्य घटनाबाट पीडित हुन पुगेका व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनको लागि युवाहरु परिचालन गरिने छ।

**स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन**

८८. स्वास्थ्य संस्थामा जान ढिलाई हुँदा उत्पन्न हुन सक्ने अप्रिय अवस्थालाई मध्यनजर गरी दुर्गम स्थानमा सञ्चालित ७ वटै सामुदायिक स्वास्थ्य इकाईलाई निरन्तरता दिइनेछ ।

८९. वडा नं. १ बेगखोलामा दश शैया अस्पताल निर्माण कार्य अबिलम्ब अगाडि बढाइनेछ । यसबाट अत्याधुनिक स्वास्थ्य उपकरण सहितको स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।पिप्ले स्वास्थ्यचौकीमा ल्याव सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ भने पाखापानी स्वास्थ्य चौकीमा ल्याव सेवा सुरु गरिनेछ र क्रमश ल्याव सेवा विस्तार गर्दै लगिनेछ।

९०. आकस्मिक स्वास्थ्य सेवाका लागि ८ वटै वडालाई समेट्ने गरी सर्वसुलभ एम्बुलेन्स सेवाको व्यवस्थापन गरिनेछ ।२४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराई ८ वटै वडामा घरमा हुने प्रसुतिलाई शुन्यमा झारिनेछ।

९१. नागरिकहरुको स्वास्थ्य बिमा गर्ने अभियानलाई सक्रियताका साथ कार्यान्वयन गरिने छ ।

९२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को सम्भावित सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्नको लागि गाउँपालिकाबासीहरुको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखिने छ।सोको लागि आवश्यकता ठहरिएमा अस्थायी कोभिड-१९ अस्पताललाई निरन्तरता, आइसोलेशन वार्ड तथा प्रि आइसोलेशन वार्डलाई निरन्तरता, आवश्यकता अनुसार स्वास्थ्यकर्मी नियुक्ति, अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्था, कोभिड-१९ को गाउँपालिकामा हुने उपचार तथा औषधिको निःशुल्क रूपमा व्यवस्था, मापदण्ड बमोजिम क्वारेन्टीन व्यवस्थापन, स्वयंसेवक परिचालन, नागरिक सहायता कक्ष सञ्चालन, जनचेतना प्रचार प्रसार जस्ता कार्यहरु गरिने छ ।

९३. पोषण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम, बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान, स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाका लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी

प्राथमिक उपचार बारे अभिमुखीकरण/तालिम सञ्चालन गरिनेछ ।"म स्वस्थ मेरो देश स्वस्थ" अभियानलाई जोड दिइनेछ।

९४. सुनौलो हजार दिनका आमा, बच्चा र किशोरीहरूको पोषण स्थितिमा सुधार गर्न संघ सरकारसँगको साझेदारीमा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । पोषणमैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुमा मूल प्रवाहीकरण गर्दै लगिनेछ र गाउँपालिकालाई पोषणयुक्त गाउँपालिका घोषणा गरिनेछ।

९५. रघुगंगा गाउँपालिका स्थायी ठेगाना भएका व्यक्तिको जिल्लाभित्र उपचार गर्दा रगत आवश्यक पर्ने भएमा नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखासँगको समन्वयमा निःशुल्क रगत उपलब्ध गराउने गरी फ्रि-ब्लड जोनका रूपमा निरन्तरता दिइनेछ ।

९६. वैकल्पिक उपचार पद्धतिको रुपमा आयुर्वेद उपचार सेवालाई विकास गर्ने नीति अवलम्वन गरिने छ । आयुर्वेद सेवा प्रवर्द्धन सम्वन्धी कार्यक्रम अगाडी बढाईने छ ।

९७. स्वास्थ्य संस्था मार्फत वितरण हुने औषधिको स्टोरलाई व्यवस्थित गर्न प्रविधि मैत्री बनाइ कार्यान्वयन गरिने छ ।नेपाल सरकारले निशुल्क औषधि भनी घोषणा गरेका औपधिहरुको सबै स्वास्थ्य संस्थामा नियमित उपलब्धताको प्रबन्ध गरिनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

९८. वडा नं ७ चिमखोलालाई बहुआयामिक नमुनाग्रामका रुपमा विकास गर्न पहल गरिनेछ। सोही मोडेलमा सबै वडाहरुलाई नमुना बनाउन आवश्यक व्यवस्था गर्दै लगिनेछ।

९९. ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विधवा, दलित बालबालिका लगायतलाई नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्रत्याभूत गरिदै आएकामा आर्थिक र सामाजिक रुपमा जोखिममा रहेका नागरिकहरुलाई सुरक्षा प्रदान गर्न तथा सभ्य र लोककल्याणकारी राज्य व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिनेछ।

१००. सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सबै वडामा उपस्थित भई बैंकद्वारा नै भत्ता वितरण गर्ने प्रबन्ध गरिनेछ।

१०१. जेष्ठ नागरिकहरुलाई सम्मानित र मर्यादित जीवन जिउने आधार सिर्जना गरिने छ । प्रत्येक वडामा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

१०२. महिला तथा बालबालिका विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।साथै समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपोसार धुमपान, मद्यपान, सूर्तिजन्य पदार्थ र लागुपदार्थविरुद्ध सचेतनामूलक कार्यक्रमलाई ***"हाम्रो समाजः राम्रो समाज" अभियानका*** रूपमा संचालन गरिने छ । घरेलु हिंसा अन्त्यका लागि बहस पैरवी र चेतनामुलक अभियानहरू संचालन गरिनेछ । सो कार्यमा स्थानीय सामाजिक/गैर सरकारी संघ संस्थाहरू तथा टोल विकास संस्थाहरूको परिचालन गरिनेछ ।

१०३. सडकमा आश्रित, अभिभावकविहीन, हिंसा, दुर्व्यवहार, शोषण (शारीरिक, मानसिक तथा यौन र श्रम शोषण), बेचविखन, बालविवाह, मानसिक समस्या आदि लगायतका कारणबाट जोखिम अवस्थामा रहेका

बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सीपशिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्ने विशेष व्यवस्था गरिनेछ ।

१०४. गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका /फरक क्षमताका व्यक्तिहरुलाई कार्यविधिको अधीनमा रही अपाङ्गता परिचय–पत्र वितरण गरिने छ ।अपाङ्गता भएका व्यक्तिहरुको हकहितको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ ।

१०५. अपाङ्गता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ । क्यान्सर, मुटु, मृगौला, स्पाइनल इन्जुरी र हेड इन्जुरी जस्ता रोगबाट पीडित अति गरिब बिरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०६. अशक्त, असहाय, सहाराविहीन बालबालिका तथा ज्येष्ठ नागरिकहरूका लागि आश्रय स्थल निर्माण गर्नका लागि प्रदेश तथा संघ सरकारसँग समन्वय गरिनेछ ।

१०७. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानका लागि विशेष कार्यक्रमहरू तय गरिनेछ । महिला सशक्तीकरण, बाल प्रतिभा पहिचान, युवा प्रतिभा पहिचान, नमुना संसद, अपाङ्ग लक्षित कार्यक्रम र दलित लक्षित कार्यक्रमहरू संचालन गरिनेछ ।

१०८. अपाङ्गता भएका बालबालिकाहरूको लागि शैक्षिक सामाग्री वितरण गर्ने व्यवस्था मिलाईनेछ । उच्च शिक्षा अध्ययन गर्नका लागि उच्च शिक्षा छात्रवृत्ति अन्तर्गत अपाङ्गता भएका विद्यार्थीहरूको लागि गाउँपालिकाको छात्रवृत्तीमा प्राथमिकता दिईनेछ ।

१०९. कृषि पेशामा आवद्ध अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारलाई कृषि अनुदानको व्यवस्था गरिनेछ।

११०. अपाङ्गता लक्षित कार्यक्रमहरूलाई प्रभावकारी बनाउनको लागि अपाङ्गताको क्षेत्रमा कार्यरत अपाङ्गता अधिकारकर्मी एवं संघ सस्थाहरूसँग समन्वयात्मक रूपमा कार्य गरिनेछ । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र र पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ ।

१११. विपद् तथा कोभिड-१९ लगायत अन्य रोग वा विभिन्न कारणबाट अभिभावक गुमाएका बालबालिकाको अभिभावकत्व गाउँपालिकाले ग्रहण गर्ने र यी कारणहरूले गर्दा आर्थिक, सामाजिक तथा मानसिक रूपमा प्रभावित बालबालिकाको संरक्षण र विकासको जिम्मा गाउँपालिकाले लिनेगरी बालबालिका केन्द्रित विपद् व्यवस्थापनको नीति, कार्यक्रम र संरचनाको विकासका लागि पहल गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

११२. गाउँपालिका भित्रका नागरिकहरुलाई सफा र स्वच्छ खानेपानी उपलव्ध गराउन जनतासंगको सहलगानीमा खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ ।

११३. पानी प्रयोगको प्राथमिकता निर्धारण गरी निजी जग्गामा रहेका पानीका मुहानहरुलाई सार्वजनिक उपयोगमा ल्याउने व्यवस्था गरिनेछ। पानीका मुहानहरुको संरक्षण एवम् आवश्यक अन्य केही ठाउँमा लिफ्ट प्रविधिको पूर्वाधारहरु तयार गर्ने प्रक्रिया अगाडि बढाईने छ ।

११४. हाल कार्यान्वयनमा रहेको एक घरः एक धारा खानेपानी आयोजनालाई गाउँपालिका भर क्रमश विस्तार गर्दै लगिने छ ।

**मेला महोत्सव व्यवस्थापन**

११५. स्थानीय मेला तथा महोत्सवलाई प्रभावकारी रुपमा नियमन गरिने छ ।

११६. खेलकुद, सामाजिक, सांस्कृतिक, आर्थिक मेला महोत्सवहरूलाई प्रोत्साहन गरिनेछ ।

## पूर्वाधार विकास

**भौतिक योजना र पूर्वाधार विकास**

११७. रणनीतिक महत्त्वका पूर्वाधार निर्माण तथा औद्योगिक विकासका लागि सार्वजनिक निजी साझेदारीका अन्य उपयुक्त लगानी र निर्माण ढाँचा समेत कार्यान्वयनमा ल्याईनेछ ।

११८. टुक्रे योजना तथा अनुत्पादक कार्यक्रमहरूलाई निरुत्साहित गर्दै ***एक वडा एक गौरवको योजना*** संचालन गरिनेछ ।आर्थिक बर्षको अन्त्यतिर हुने चापलाई न्यून गराउनका लागि योजना सम्झौताका कार्यलाई श्रावण महिनाबाट शुरु गरिनेछ ।साथै गौरवका योजना र मेशिनरी उपकरणको आवश्यकता पर्ने योजनालाई यथासम्भव ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिनेछ । ठेक्का मार्फत सम्पन्न हुने योजनाहरुमा समेत स्थानीय श्रम र सिपको प्रयोग गर्न सहजीकरण गरिने छ ।

११९. गाउँपालिकामा एक वडा एक हेलिप्याड निर्माण गर्ने अभियानलाई पूर्णत: सम्पन्न गरिनेछ ।

**सडक तथा पुल**

१२०. गाउँपालिकाका सबै बस्तीहरूलाई सडक सञ्जालसँग जोडिने छ । गौरवको आयोजनाको रुपमा पाखापानी-रायखोर-घ्याँसिखर्क सडक, बेगखोला देउराली हरित कृषि सडक, पर्यटकीय रुपमा विकास गर्न झीँ टोड्के सडक निर्माण तथा विस्तारको कार्य अगाडि बढाइने छ ।साथै अन्य कृषि र सहायक स्तरका सडकहरूको निर्माण तथा मर्मत कार्य गरिनेछ ।

१२१. संघ र प्रदेश सरकारसँगको सहकार्यमा महत्वपूर्ण रणनैतिक सडकहरूको निर्माण कार्य अगाडि बढाइने छ । गाउँपालिकाभित्र निजी क्षेत्रबाट सञ्चालित बिभिन्न हाइड्रोपावरहरूसँगको सहकार्यमा सडक तथा पुल निर्माणको कार्य अगाडि बढाइने छ ।सार्वजनिक निजी साझेदारी रुपमा पूर्वाधार निर्माणलाई जोड दिइनेछ।

१२२. छरिएर रहेका बस्ती बिचको दुरी कम गरी सामाजिक आदान प्रदान तथा प्रशासनिक सुगमताका लागि झोलुङ्गे पुल निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहलगानी तथा समन्वय गरिनेछ ।

**भवन**

१२३. गाउँपालिका कार्यालयको परिसर व्यवस्थापन, वडा नं २ को कार्यालय भवन निर्माण, वडा नं ५ को कार्यालय भवन निर्माण, वडा नं ३ को कार्यालय भवन मर्मतको कार्य अगाडि बढाइनेछ ।

१२४. स्थानीय समुदायसँगको सहकार्यमा गाउँपालिकाको लागि निशुल्क जग्गा व्यवस्थापनको कार्य भौतिक रूपमा सपन्न भई अधिकांश जग्गाको स्वामित्व समेत प्राप्त भइसकेकाले प्रशासकीय भवन निर्माणका लागि संघ सरकार समक्ष पहल गरिनेछ। सबै वडा कार्यालयहरूको आफ्नै भवन निर्माण गर्ने नीति लिइनेछ।

१२५. आमा समूह तथा युवा क्लवहरुका भवन निर्माण, घेराबार तथा व्यवस्थापनको कार्य गरिने छ ।

**जल विद्युत तथा वैकल्पिक उर्जा**

१२६. वायोग्याँस, बायोमास, सौर्य उर्जा लगायत वैकल्पिक उर्जाको प्रवर्द्धन र परिप्रयोगको व्यवस्था गरिनेछ । घना बस्तीहरुमा सौर्य उर्जाको प्रयोग गरी चोक तथा सार्वजनिक स्थलहरुलाई उज्यालोमा परिणत गर्दै उज्यालो गाउँ बस्ती तथा शहर निर्माण गरिनेछ ।

१२७. गाउँपालिकाभित्र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा संचालनमा रहेको राहुघाट जलविद्युत आयोजना तथा निजीक्षेत्रबाट सञ्चालित अन्य जलविद्युत आयोजनाहरू समयमा नै सम्पन्न गर्न स्थानीय सरकारका तर्फबाट आवश्यक सहयोग एवम् समन्वय गरिनेछ । साथै गाउँपालिकाभित्र अन्य जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरी ***उज्यालो रघुगंगा*** निर्माण गर्न जलविद्युतमा समेत साझेदारीमा लगानी गरिनेछ ।

**शहरी योजना र विकास**

१२८. जोखिमयुक्त बस्ती पहिचान गरी सुगम यातायातको व्यवस्थासहितको एकीकृत सामुहिक आवासको व्यवस्था गर्ने नीति राखिनेछ ।

१२९. गाउँपालिकाबाट नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गरिएका संरचनालाई विशेष व्यवस्थासहित कानुनी दायरामा ल्याई त्यस्ता कार्य गर्नेलाई निरुत्साहित गरिनेछ ।गाउँपालिकाले तोकेको सडकको अधिकार क्षेत्रभित्र बनेका संरचना जुनसुकै वखत हटाइनेछ ।

१३०. गाउँपालिका भित्रका वास्तविक सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरूको उचित व्यवस्थापनको लागि पहल गरिनेछ । सुकुम्बासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरी सुकुम्बासी तथा विपन्न नागरिक सम्वन्धी जीविकोपार्जन र बसोबासको व्यवस्थापनका लागि उचित प्रवन्ध गरिनेछ।साथै कार्यान्वयनमा रहेको ***गाउँपालिका अध्यक्ष सुकुम्वासी व्यवस्थापन तथा आवास सुधार कार्यक्रमलाई*** थप प्रभावकारी बनाईनेछ ।

१३१. गाउँपालिकाभित्र सम्पन्न भई सकेका सडक पूर्वाधारहरुको लगत कट्टा गर्ने नीति अवलम्बन गरिनेछ ।

१३२. ढल निकास र फोहोरमैला व्यवस्थापनका लागि तयारी गरिनेछ ।

१३३. सडकहरूको गुरूयोजना (MTMP) तयार गरी सोही अनुसार सडक पूर्वाधारको विकास गर्ने नीति लिइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**वन**

१३४. वातावरण संरक्षण, हरियाली प्रवर्द्धन र वृक्षारोपण, पालिकाको सौन्दर्यता र सोको संरक्षण, भू:संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ । न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास नीति अवलम्ब गरिनेछ ।

१३५. जथाभावी हुने वन फँडानी र चोरी निकासी नियन्त्रणका लागि आवश्यक प्रबन्ध गरिनेछ। वातावरणीय सन्तुलनलाई ध्यानमा राखी समग्र कार्य निर्देशित हुनेछन् ।

**विपद् व्यवस्थापन**

१३६. विपद् आइपरेमा तत्काल राहत उद्धार तथा पुनर्स्थापना गर्ने क्षमतायुक्त संरचना निर्माण गरिनेछ। विपद् व्यवस्थापन कोषको आदर्शतम उपयोग गरिनेछ।

१३७. स्थानीय स्तरमा विपद् पूर्बतयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गरिनेछ । विपद् व्यवस्थापनका लागि वडास्तरमा गठित विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइने तथा सामुदायिक विपद् प्रतिकार्य समूह गठन गरिनेछ । खोज उद्दारका सामग्रीहरू व्यवस्थापन गरिनेछ।

१३८. विपद्‌बाट जोगिन तथा गरिबीको सूचकमा सुधार गर्न खरको छाना हटाउने अभियानलाई निरन्तरता दिइनेछ ।

१३९. उत्थानशील विकास उन्मुख स्थानीय सरकारको अवधारणालाई अवलम्बन गरिनेछ ।सडक निर्माण गर्दा अनिवार्य वृक्षारोपण गर्नुपर्ने गरी हरित सडकको अवधारणा र **प्रकृतिलाई बिगारेर होइन श्रृङ्गारेर विकास गर्ने अभियान** सञ्चालन गरिनेछ ।अनिवार्य वृक्षारोपण, सडकसँग नाली अनिवार्य, तटबन्ध, नियमित मर्मत सम्भार जस्ता उपाय अवलम्वन गरी भूजन्य प्रकोपको व्यवस्थापन गरिनेछ ।

१४०. जलवायु उत्थानशील हरित आयोजनाको निर्माण गर्न जोड दिइनेछ । जलवायु परिवर्तनका कारण पर्न सक्ने असरहरू न्यूनीकण गर्न जलवायु अनुकूलन कोषको व्यवस्था गरिनेछ ।

**भूमि व्यवस्था**

१४१. भुमिको वैज्ञानिक उपयोगको व्यवस्था मिलाईनेछ ।भू उपयोग ऐन र नियमावली अनुसार भूमिको वर्गीकरण गरिनेछ।

१४२. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ ।यसका लागि गाउँपालिका र वडामा गठित सार्वजनिक तथा सरकारी जग्गा संरक्षण समितिलाई थप क्रियाशिल बनाइनेछ । ***आ व २०७९।०८० लाई सार्वजनिक सम्पत्ति जग्गा संरक्षण वर्ष अभियान***का रुपमा अगाडि बढाइनेछ।

१४३. गाउँपालिकाभित्र रहेको गुठीको समस्यालाई यथाशीघ्र सम्बोधन गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

१४४. गाउँपालिकाभित्र व्यक्तिको स्वामित्वमा रहेका सम्पूर्ण जग्गाहरुको उपयुक्त न्यूनतम मूल्याङ्कन दर कायम गरिने छ ।

## शुसासन तथा संस्थागत क्षमता विकास

### संगठन संरचना, दरबन्दी

१४५. रघुगंगा गाउँपालिकाको मितव्ययी सांगठनिक स्वरुप तथा दरवन्दी संरचना निर्माण गरी स्वीकृत दरवन्दी संरचनाभन्दा थप व्यय भार नपर्ने गरी प्रशासनिक संरचना खडा गरिने छ । साथै प्रशासनिक संरचनालाई कार्यमूलक बनाइनेछ ।

१४६. गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही सम्बोधनको आवश्यकता महसुस गरिएका सबै विषयमा आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४७. जनशक्तिको क्षमता विकासका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि पर्याप्त मात्रामा तालिम, गोष्ठी, सेमिनार तथा अन्तर्क्रिया कार्यक्रमहरू सम्पन्न गरिनेछ ।

### सुशासन र सेवा प्रवाह

१४८. कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी मापदण्ड तथा सूचकहरू तय गरिनेछ ।

१४९. गाँउ कार्यपालिकाको कार्यालय र सो अन्तर्गतका कार्यालयहरुको प्रशासनलाई सेवाग्राहीमैत्री चुस्तदुरुस्त, छिटोछरितो, मितव्ययी, पारदर्शी, जवाफदेही र निष्पक्ष बनाई सेवाप्रवाहमा सर्वसाधारणको सरल, सहज र समावेशी पँहुच सुनिश्चित गरिने छ।साथै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ ।

१५०. योजनाहरुको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन तथा सुपरीवेक्षणका लागि पालिकास्तर, वडास्तर र योजना स्तरमा रहने अनुगमन समितिहरुलाई क्रियाशिल बनाइने छ।

१५१. गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षसंग तथा प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसंग मापन योग्य सूचकहरुसहित कार्यसम्पादन सम्झौता गरी सम्बन्धित पदाधिकारीहरुलाई

नतिजा प्रति थप जवाफदेही बनाईनेछ । साथै कार्यसम्पादनमा आधारित करार सेवा पद्धति अवलम्वन गरिने छ ।

१५२. म्याग्दी जिल्ला हिमाली जिल्ला घोषणा भएसँगै गाउँपालिकाको जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा रघुगंगा गाउँपालिकामा एक वटा गाउँपालिका थप गर्न र वडा नं ३ लाई विभाजन गरी थप एक वडा निर्माण गर्न प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

१५३. खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि/पशु स्वास्थ्य सम्बन्धी शिविर, योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, घटना दर्ता, अपाङ्ग तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण लगायत जिल्लास्तरीय विषयगत कार्यालय समेतका सेवाहरूलाई घुम्ती सेवा मार्फत थप विस्तार गरिनेछ ।

१५४. गाउँपालिकाभित्र संचालन हुने यातायातका साधनहरुको भाडादरमा एकरुपता कायम गर्न उपयुक्त स्थानीय भाडादर निर्धारण गरिनेछ ।साथै गाउँपालिकाभित्रका निर्माण सामग्री र श्रमको उपयुक्त ज्याला तथा दर रेट निर्धारण गरिने छ ।

**संस्थागत व्यक्तिगत र मानव संशाधन विकास**

१५५. विषयगत समिति, गाउँसभाका सदस्यहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी विकास र सेवा प्रवाहमा गुणस्तर कायम गर्न तालिम, प्रशिक्षण र अभिमुखीकरणका साथै भ्रमण अवलोकन गराइनेछ ।

१५६. विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायिक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रलाई मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्ने केन्द्रको रुपमा विकसित गरिनेछ ।

१५७. न्यायिक समिति र मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजगी तालिम मार्फत क्षमता अभिबृद्धि गरिनेछ । न्याय सम्पादनको क्रममा आवश्यक पर्ने इलजास कक्षको निर्माण गरिनेछ ।

**वित्तीय अनुशासन र पारदर्शिता**

१५८. भ्रष्टाचारजन्य क्रियाकलापहरुमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने आधार सिर्जना गरिने छ ।

१५९. समृद्ध रघुगंगा निर्माणका लागि यस गाउँपालिकाको प्रशासनलाई निष्पक्षता, तटस्थता, प्रतिबद्धताको सिद्धान्तप्रति समर्पित गराइने छ । सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाईनेछ । सार्वजनिक क्षेत्रमा सुशासन कायम गरिनेछ ।

१६०. गाउँपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरी कार्य गर्ने कर्मचारीलाई ***गाउँपालिका उत्कृष्ट कर्मचारी*** पुरस्कारबाट सम्मान गरिने छ । दण्ड तथा पुरस्कारको प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाइनेछ ।

**सार्वजनिक सुनुवाई**

१६१. गाउँपालिकाका आर्थिक, प्रशासनिक विकास निर्माण लगायतका विषयमा जनगुनासो सम्बोधन र जनअपेक्षा बमोजिम अगाडि बढ्ने प्रयोजनको लागि सार्वजनिक सुनुवाई सम्पन्न गरिनेछ ।जसबाट पारदर्शी र न्यूनतम सरकार निर्माण हुनेछ । साथै गाउँपालिकाका काम कारबाहीहरू नियमित रूपमा संचार माध्यम मार्फत् सुसुचित गराइनेछ ।

**आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली**

१६२. कार्यालयको लेखा प्रणालीलाई त्रुटि रहित बनाउनका लागि आन्तरिक लेखा परीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६३. गाउँपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रूपमा लागु गरिएको कार्यसंचालन निर्देशिका तथा आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको पूर्णरूपमा कार्यान्वयन गरिनेछ ।

**अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट**

१६४. सार्वजनिक लेखा समिति मार्फत् अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरी फछ्र्यौटका लागि आवश्यकता अनुसार गाउँ सभा समक्ष पेश गरिनेछ र समयमै समपरीक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

१६५. आर्थिक पारदर्शीता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरूजु कम गरिनेछ ।बेरूजु फछ्र्यौटलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

**पञ्जीकरण व्यवस्थापन**

१६६. गाउँपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ ।पूर्ण रुपमा अनलाइन पद्दतिमा घटना दर्ता गरिनेछ। सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

**विद्युतीय सेवा तथा सूचना प्रविधि र संचार**

१६७. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित गराई स्मार्ट गाउँपालिका बनाइनेछ ।विद्यालय र बस्ती स्तरमा इन्टरनेट विस्तारको कार्यलाई तीव्र रुपमा अगाडि बढाइने छ ।

१६८. सूचना प्रवाहमा पत्रकारिताको व्यापक प्रयोग गर्न पत्रकारिता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै उत्कृष्ट पत्रकारिता गरी हाम्रो समृद्धिको यात्रामा सहयोग प्रदान गर्ने पत्रकारलाई उचित सम्मान गरिनेछ।

१६९. सामाजिक संजालमा व्यक्त हुने अमर्यादित तथा असभ्य व्यवहारहरुलाई निरुत्साहित गर्दै सभ्य समाज निर्माणमा जोड दिईनेछ ।

१७०. जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचाङ्क, राजस्व तथा आय–व्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन गरिनेछ ।

**गाउँसभाका सदस्यहरू**,

१७१. यी नीति तथा कार्यक्रमको कार्यान्वनयबाट "समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी" को गन्तव्यमा पुगी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन् ।सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

१७२. समृद्ध रघुगंगा सुःखी रघुगंगाबासी नाराका सवै क्षेत्र तथा आयामहरु समृद्ध नेपाल सुखी नेपालीसँग तादम्यता हुने गरी कायम गरिएको छ ।हरेक स्थानीय तहले सो लाई प्राथामिकताका साथ कार्यान्वयनमा ल्याउँदा नेपाल सरकारको लक्ष्य अवश्य पुरा हुनेमा विश्वस्त छु ।

१७३. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु, संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव र सहयोग हुनेमा विश्वस्त छु। धन्यवाद !

जय रघुगंगा गाउँपालिका !<br>
जय रघुगंगावासी !<br>
भव बहादुर भण्डारी<br>
अध्यक्ष